नेपाल समाचारपत्र
जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# दिल्लीमा वसन्तको चाहत सार्वजनिक




ख्यातिप्राप्त गीतकार, कवि एवं साहित्यकार वसन्त चौधरीको पछिल्लो कविता संग्रह *चाहतो के साये मे* र सिडी एल्बम भारतको नयाँ दिल्लीमा विमोचन गरिएको छ। गत शुक्रबार बलिउडका वरिष्ठ गीतकार समीर 'अञ्जान' ले उक्त कविता संग्रहको विमोचन गरेका हुन्।

गीतकार समीर बलिउडका त्यस्ता, गीतकार हुन् जसको नाम संसारकै सबैभन्दा धेरै संख्यामा गीत लेखेबापत सन् २०१६ को *गिनिज वर्ल्ड रेकर्डमा* उल्लेख गरिएको छ। नयाँ दिल्लीस्थित होटल हयात रिजेन्सीको सभाहलमा उपस्थित भारतीय साहित्यकारहरूले गीतकार चौधरीको नयाँ पुस्तकको खुलेर प्रशंसा गरे। कार्यक्रमका प्रमुख अतिथि गीतकार समीरले कवि चौधरीको पुस्तक सरल र स्रोतामुखी रहेको र मनलाई छुने काव्य कृति रचना गरेको चर्चा गर्दै चोधरीको खुलेर प्रशंसा गरे। 'अझै पनि साहित्यको दुनियाँमा फिल्मका गीतकारलाई स्वीकार नगरिनु दु:खलाग्दो विषय हो। गुलजार साहेब (भारतका लोकप्रिय गीतकार, कवि एवं फिल्म निर्देशक) ले मलाई आफ्नो गीतहरूको संग्रह प्रकाशन गर्न सुझाव दिँदै आउनुभएको छ। म पनि त्यसबारेमा सोचिरहेको छु।' -उनले खुलाए। विशिष्ट अतिथि भारतको उत्तराखण्ड राज्यका पूर्वमुख्यमन्त्री तथा कवि रामेश पोखरियाल 'निसक' ले चौधरीको पुस्तक नेपाल-भारत सम्बन्ध बलियो बनाउने दिशामा एक महत्त्वपूर्ण कदम भएको चर्चा गरे। भारतका वरिष्ठ कवि, साहित्य समीक्षक एवं समालोचक बालस्वरूप राही तथा दिल्ली विश्व विद्यालयअन्तर्गतको हंसराज कलेजका प्राचार्य डा. रमाले *चाहतो के साये मे*माथि विद्वत टिप्पणी गरे। पुस्तकका लेखक चौधरीले *चाहत* (इच्छा) शब्दको विभिन्न आयाम बारे प्रकाश पार्दै इच्छा जीवन प्रगतिको मुख्य उत्प्रेरक भएको बताए। 'मेरा काव्य कृतिलाई धेरैजसो प्रेम र इच्छाले डोऱ्याउँदै आए पनि इच्छा वा चाहत स्त्री र पुरुषबीचको प्रेममा मात्र सीमित नभएर त्योभन्दा पनि पर छ', कार्यक्रममा चौधरीले भने- 'यसले समानरूपमा कुनै पनि व्यक्तिको नयाँ उचाइमा पुग्ने र नयाँ लक्ष्य प्राप्त गर्ने आकांक्षालाई समेत व्यक्त गर्दछ। यसर्थ इच्छा भनेको मानिसको समग्र जीवन प्रगतिको मुख्य उत्प्रेरक तत्त्व हो।'

चौधरीको पछिल्लो एक वर्षका दौरानमा सार्वजनिक भएको यो दोस्रो पुस्तक हो।

*चाहतो के साये मे*लाई ख्यातिप्राप्त बेनेट कोलम्यान एन्ड कम्पनी लिमिटेडअन्तर्गतको टाइम्स ग्रुप बुक्सले प्रकाशन गरेको हो। २ सय ४२ पृष्ठको पुस्तकमा चौधरीले मिठासपूर्ण सरल हिन्दी र उर्दु मिश्रित भाषामा लेखेका कविता, गीत, गजल तथा नज्माहरूलाई समेटेका छन्। पुस्तकको साथमा चौधरीद्वारा रचित विभिन्न ७ गीत समेटिएको सीडी पनि सार्वजनिक गरिएको थियो। ती गीत बलिउडका चर्चित गायक/गायिका सोनु निगम, श्रेया घोषाल, रूपकुमार राठोड र मोहित चौहानले गाएका छन्। कार्यक्रममा केही गीतको म्युजिक भिडियोसमेत प्रदर्शन गरिएको थियो।

कार्यक्रममा कवि चौधरी तथा कार्यक्रमका वक्ताहरूले कविताहरूको भाव दुरुस्त प्रतिबिम्बित हुने गरी सफलतापूर्वक *चाहतो के साये मे*लाई अंग्रेजीमा अनुवाद गरेको भन्दै जार्कातामा सुन्जोय शेखरको खुलेर प्रशंसा गरे। *चाहतो के साये मे*लाई आगामी असार ११ गते भारतको मुम्बईमा समेत विमोचन गरिने टाइम्स ग्रुप बुक्सले जनाएको छ।



## धरहरा

### आउँदै छ उपहार



उपहार खालखालका हुन्छन्। कसैले कसैलाई उपहार दिन चाहन्छ भने उपहार दिनेको छनोटमा भर पर्छ। दिने व्यक्ति सकभर उपहार लिनेको मन जित्न चाहन्छ। मंगलबार काठमाडौंबासीले महानगरपालिकालाई केही फरक उपहार दिएको देखियो।

काठमाडौंबासीले महानगर पदाधिकारीलाई 'घाँस' उपहार दिएका छन्। महानगरले टन्नै गाई, भैंसी, बाख्रा वा अन्य चौपाया पालेर घाँस पुऱ्याउन स्थानीय पुगेका भने होइनन् रे। ऐतिहासिक र पुरातात्विक महत्त्वको रानीपोखरी झाडीमय भएको विरोधमा घाँस बुझाइएको भन्ने बुझियो।

घाँस बुझ्ने प्रमुख रहिछिन्, महानगरकी उपमेयर खड्गी। मेयर शाक्य प्रधानमन्त्रीसँगै चीन भ्रमणमा पुगेपछि खड्गीको टेबलमै घाँस पुगेछ। कार्यालय परिसरमै घाँस उपहार पुगेसी अन्य पदाधिकारीको मनमा ठूलै ढ्याङ्ग्रो ठोकिएको छ रे, कुन दिन आफूले पनि यस्तो उपहार थाप्नुपर्ने भनेर। उपहार बुझाउन जाने मध्येका केहीलाई धरहराले अन्य पनि उपहारका प्याकेज केही छन् कि भनेर सोध्यो।

अगुवाझैं देखिने एकले भने- 'यो त कास्टिङ मात्रै हो, फिल्म केही दिनमा शुरू हुन्छ।' उनका अनुसार २/४ हप्तापछि नगरको फोहोर, सडकको हिलो, धुलो र अन्य धेरै थरी प्याकेज विशेष उपहारका रूपमा प्रतिनिधिका टेबुलटेबुलमा पुऱ्याउने रे। यस्तो कुरा सुन्दा धरहरालाई लाग्यो अन्य नगरका प्रतिनिधिले पनि यस्ता उपहार सजाउने कक्ष तयार गरे हुन्छ।

## भक्तपुरमा नृत्य प्रतियोगिता

भक्तपुर, (नेस)। नृत्य निर्देशक संघ भक्तपुर शाखाले लुज: आर्ट सर्कल गठ्ठाघरमा आयोजना गरेको *भक्तपुर जिल्लाव्यापी अन्तरविद्यालय खुला एकल नृत्य* प्रतियोगिता भएको छ।

नृत्य निर्देशक संघका केन्द्रीय अध्यक्ष भुवन श्रेष्ठ, नेपाल पत्रकार महासंघ भक्तपुर शाखाका अध्यक्ष पुष्करराज बुढाथोकी, क्रियाशील पत्रकार मञ्च भक्तपुरका अध्यक्ष एवं कथाकार रमेश गिरी 'आशा', नृत्य निर्देशक संघका उपाध्यक्ष सञ्जय शर्मा राजोपाध्याय र महासचिव नृपध्वज खत्रीले संयुक्तरूपमा दीप प्रज्वलन गरेर प्रतियोगिताको शुभारम्भ गरेका थिए।

प्रतियोगितामा ४० विद्यालयका २ सय १६ जना विद्यार्थीको सहभागिता रहेको जानकारी संघका केन्द्रीय सदस्य एवं लुज: आर्ट गठ्ठाघरका प्रमुख ऋषिकेश श्रेष्ठले जानकारी दिएका छन्। पहिलो चरणमा अडिसनका रूपमा भएको प्रतियोगितामा छनोट भएका प्रतियोगीलाई अरू दुई चरणको प्रतियोगितामा सहभागी गराउँदै आगामी साउन १६ गते फाइनल प्रतियोगिता गरिने संघका भक्तपुरका अध्यक्ष द्वारिका अधिकारीले जानकारी गराए। प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई पुरस्कार, प्रमाणपत्र र शिल्ड प्रदान गरिने भएको छ। कार्यक्रममा संघका केन्द्रीय अध्यक्ष श्रेष्ठ, महासंघ भक्तपुरका अध्यक्ष बुढाथोकीलगायतले नृत्यलाई मनोरञ्जनका रूपमा मात्रै लिन नहुने चर्चा गर्दै प्रतियोगिताले व्यक्तिदेखि राष्ट्रसम्मलाई पुऱ्याउने योगदानबारेमा बताएका थिए।

# चारदामसँगै सकियो सेलो महोत्सव



तामाङ समुदायमा विवाह संस्कारको चुरो मानिने चारदाम विधिमाथि भाषाविद् अमृत योञ्जनले झण्डै ३ दशकअघि लेखेको नाटक *चारदाम* मञ्चन गर्दै सोमबार *सेलो नाट्य महोत्सव-२०७५* सकिएको छ। तीनदिने महोत्सवमा २ लोक, १ कविता र २ आधुनिक गरी ५ नाटक मञ्चन गरिएका थिए।

अन्तिम दिन मञ्चित योञ्जनको नाटकमा संस्कृति संरक्षण गर्नुपर्छ र पर्दैन भन्ने २ विपरीत धारणालाई बेहुला र बेहुली पक्षको रूपमा प्रतीकात्मक प्रस्तुति गरिएको थियो। २०४६ सालमा पहिलोपटक मञ्चन गरिएको नाटक अहिले परिमार्जनसहित नयाँ अवतारमा हेर्न पाउँदा खुसी लाग्यो।' -भाषाविद् योञ्जनले भने। निशा पाख्रिन र सन्तोष तामाङ 'बोन्बो' द्वारा निर्देशित नाटकमा चाँदनी लामा, फूलकुमार बमजन, सुसन लामा, शान्ति वाइबा, सोनाम लामा मोक्तान, निशा, निकिता वाइबा, सन्तोष, विजय टुबा, मनोज तामाङ, सञ्जीव राई, देविन चौधरी, सुनील तामाङ, साजन लामा, विजय टुबालगायतले अभिनय गरेका थिए।

सोमबार नै रोशन फचुबाले संयोजन गरेको लोकनाटक *ल्हालिमो* पनि मञ्चन गरियो। गणेश हिमाल आसपासको तामाङ समाजमा प्रचलित लोकनाटकमा पुरानो पुस्ताको प्रेमकथा र प्रेम गर्ने शैली देखाइएको थियो। ल्हाप्साङकर्पो म्युजिक सेन्टरको प्रस्तुति रहेको नाटकमा रोशनसँगै मनोज लोप्चन, सिंगबहादुर तामाङ, प्रकाश तामाङ, सन्देश तामाङ, शुभसन्तोष तामाङ, विकल तामाङ, मुस्कान तामाङ, डिम्पल तामाङ, रेशा तामाङ र विनीता तामाङले अभिनय गरेका थिए।

# एकल नृत्यमा स्वजनका भिन्न रूप



पहिलोपटक एकल नृत्य प्रस्तुतिका साथ जमलस्थित राष्ट्रिय नाचघरमा वजन *रघुवंशी एकल साँझ* सम्पन्न भएको छ। कार्यक्रमा लाइभ वाद्यवादन र गायनसँगै ७ विभिन्न फर्मका नृत्य प्रस्तुत गरिएको थियो।

लोक नृत्यको साथै कथक र भरतनाट्यम्को नमस्कार तथा कार्तिक नाचको द्य: ल्हायेगुबाट कलाकार रघुवंशीले गुरु, मातापिता, इष्टदेव, नाटेश्वर, वाद्यवादक, जल, वायु, पृथ्वी, अग्नि, आकाश, दर्शक, कर्मभूमि सम्पूर्णलाई वन्दना गरे। त्यसपछि हरेक कार्तिकमा मात्र र मंगलबजारस्थित कार्तिक डबलीमा मात्र प्रदर्शन हुँदै आएको कार्तिक नाच पनि पहिलोपटक मञ्चमा प्रस्तुत गरियो। करिब ४ सय वर्ष पुरानो कार्तिक नाचअन्तर्गतको उषाहरण लीलाको कुमार नृत्य प्रस्तुतिमा दर्शक निकै रमाएका थिए। 'विश्वको सबैभन्दा प्राचीन वियोगान्त नृत्यका रूपमा गिनिज बुकमा ग्रिकको ट्र्याजिक डान्स फर्मलाई लिइएको छ। तर, त्यो नाच लोप भइसकेको छ। कार्तिक नाच पनि ट्र्याजिक फर्ममै पर्छ र यो नाच अहिलेसम्म निरन्तर चलिरहेको छ। यो हाम्रो गौरव हो।' -वाङमय शताब्दी पुरुष एवं संस्कृतिविद् सत्यमोहन जोशीले भने।

चर्या नृत्यअन्तर्गतको पञ्चकपाल नृत्य पनि पहिलोपटक मञ्चमा प्रस्तुत गरिएको थियो। मादलको तालमा झ्याउरे नृत्यको प्रस्तुतिमा रघुवंशीले दर्शकको जोडदार तालीको साथमा वान्स मोर पनि पाए। स्वजनले कार्यक्रममा भरतनाट्यम् नृत्य त प्रस्तुत गरे नै, पाश्चात्य नृत्य साल्सा डान्समा समेत दर्शकलाई मुग्ध बनाए। साल्सामा स्वजनलाई कलाकार कृपा वज्राचार्यले साथ दिएका थिए। कृष्णले कालिया नागको दमन गर्ने कथा समेटिएको कत्थक नृत्यमा त स्वजन लगातार १८ मिनेट नाचे। अन्तिममा संसारभरिका सबै आमालाई श्रद्धा र आदर प्रकट गर्दै स्वजनले आमा नृत्य प्रस्तुत गरी कार्यक्रम टुंग्याए। आमा नृत्य सम्पन्न हुँदा कलाकार स्वजन रघुवंशीकै माता कृष्णशोभा रघुवंशीको मञ्चमा आगमनपछि माहोल भावुक बनेको थियो।

नृत्यमा एकल साँझ अपूर्व रहेको नृत्य निर्देशक हनी श्रेष्ठले प्रतिक्रिया दिइन्। कार्यक्रम नृत्य निर्देशक संघ नेपाल, ललितपुर शाखा र सांस्कृतिक संस्थानले संयुक्तरूपमा आयोजना गरेको थियो।




कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ